आज मिति २०८१।०२।११ गते शुक्रबारका दिन यस चौदण्डीगढी नगरपालिकाका नगर प्रमुख श्री कालुमान लामाज्यूको अध्यक्षतामा यस नरपालिकाको नगर कार्यपालिकाको आ.ब. २०८०/०८१ को १३औं बैठक तपसिलका पदाधिकारीहरुज्यूहरुको उपस्थितिमा बसियो ।

तपसिल :-

| क्र.स. | नाम थर | पद | सम्पर्क मो. नं. | दस्तखत |
|---|---|---|---|---|
| १ | श्री कालुमान लामा | नगर प्रमुख | ९८५२८३५१६६ | |
| २ | श्री मणिका देवि दुलाल | नगर उपप्रमुख | ९८५२८३५५२८ | |
| ३ | श्री जित बहादुर श्रेष्ठ | प्रमुख प्रशासकीय अधिकृत | ९८५२८४४०४७ | |
| ४ | श्री सिताराम राई | अध्यक्ष वडा नं. १ | ९८५१२०८३१३ | |
| ५ | श्री हरि बहादुर खड्का | अध्यक्ष वडा नं. २ | ९८४२९२७५४७ | |
| ६ | श्री पर्शुराम राई | अध्यक्ष वडा नं. ३ | ९८१४७३४८५५ | |
| ७ | श्री लुक्षराज राई | अध्यक्ष वडा नं. ४ | ९८१०५७९२२९ | |
| ८ | श्री तुलसिराम ढकाल | अध्यक्ष वडा नं. ५ | ९८४१५१८५८०<br>९८५२८४४००८ | |
| ९ | श्री अम्बर बहादुर खड्का | अध्यक्ष वडा नं. ६ | ९८०६१५५८७७९ | |
| १० | श्री केशव अधिकारी | अध्यक्ष वडा नं. ७ | ९८६२८४४६६६ | |
| ११ | श्री भगनाथ कुमार मगर | अध्यक्ष वडा नं. ८ | ९८४०९२८६०७ | |
| १२ | श्री प्रकाश राउत | अध्यक्ष वडा नं. ९ | ९८५२८३५२०८ | |
| १३ | श्री धर्मेन्द्र कुमार खडका | अध्यक्ष वडा नं. १० | ९८१६७०७०५१<br>९८६३८२८०४९ | |
| १४ | श्री उदयराज भुजेल | नगर कार्यपालिका सदस्य | ९८४२८३१८९२ | |
| १५ | श्री जय कुमार राई | नगर कार्यपालिका सदस्य | ९८१५७१४७१५ | |
| १६ | श्री माधव सार्की | नगर कार्यपालिका सदस्य | ९८२६७००३२८ | |
| १७ | श्री तिलावती राई | नगर कार्यपालिका सदस्य | ९८४३४६६२७५ | |
| १८ | श्री सुस्मा राई | नगर कार्यपालिका सदस्य | ९८६२९१८६९९ | |
| १९ | श्री स्मृति तोलाङ्गी सुयल | नगर कार्यपालिका सदस्य | ९८०५९९७७३३ | |
| २० | श्री जानकी देवी चौधरी | नगर कार्यपालिका सदस्य | ९८१५७००९०३ | |
| २१ | श्री शान्ति देवी चौधरी | नगर कार्यपालिका सदस्य | ९८१९९१००३८ | |

आमन्त्रीत उपस्थिति :-

१. श्री मोहन कुमा राई - सूचना अधिकारी - ९८५२८४४०७३

प्रस्तावहरू :

१) अनलाईन राजस्व प्रणाली (Sutra Revenue Model) सफ्टवेयर लागू गर्ने सम्बन्धमा ।

२) नदीजन्य पदार्थको स्थानीय राजस्व बाँडफाडको रकम खोलाहरुको टडबन्ध योजनाहरुमा खर्च गर्नका लागि श्रोत सुनिश्चित गर्ने सम्बन्धमा ।

३) कर संकलन कार्य गर्ने सम्बन्धमा ।

४) नगर अस्पतालको विमा रकम फिर्ता सम्बन्धमा ।

५) उचाल्ने ढुंगा मंगलबारे कृषी बजार दर्ता सम्बन्धमा ।

६) नगरपालिकामा गठित विषयगत समितिहरु सक्रिय हुने सम्बन्धमा ।

७) डम्पिङसाईट निर्माण सम्बन्धमा ।

८) विविध

क) चौ. न. पा १ नं वडा मा बत्ती व्यबस्थापन सम्बन्धमा ।

ख) विपत पिडित र अन्य आर्थिक सहायता सम्बन्धमा ।

ग) साझेदारी परियोजना कार्यान्वयनमा लाभग्राही छनौट मापदण्ड स्वींकृत गर्ने सम्बन्धमा ।

**निर्णयहरुः**

१) यस नगरपालिकाको कार्यालयबाट स्थानीय तह संचित कोष व्यवस्थापन प्रणाली (SuTRA) सफ्टवयरमा थप गरिएको राजश्व मोडुलबाटल कर संकलन गर्ने सम्बन्धमा सवै स्थानीय तहहरुमा क्रमशःलागू गर्नु भनि श्री महालेखा नियन्त्रणको कार्यालय अनामनगर, काठमाडौंबाट च.न.०३,मिति २०८०।०४।०७ गतेको पत्रानुसार एकीकृत कर संकलन प्रणाली लागू गर्नुपर्ने निर्देशन गरे बमोजिम अभिमुखीकरण एंव सहजिकरणका कार्यका लागि उक्त संचितकोष व्यवस्थापन प्रणाली प्रयोग गर्ने सम्बन्धमा यस कार्यालयबाट सूचना प्रविधि, आर्थिक प्रशासन शाखा र राजश्व शाखाबाट तालिम लिई आर्थिक ऐन समेत प्रविष्ट गरिएको हुँदा आ.व.२०८०।०८१ को स्वीकृत वार्षिक बजेट कार्यक्रम अन्तर्गत नगरपालिका तथा सम्पूर्ण वडा कार्यालयहरुका राजस्वसँग सम्बन्धित कर्मचारीहरुको लागि राजश्व सफ्टवयर सम्बन्धी तालिम र तथ्यांक व्यवस्थापन शिर्षकमा विनियोजित भएको रकमबाट कार्यक्रम संचालन गर्न अनुमति दिने निर्णय गरियो ।

२) यस नगरपालिकाबाट चालु आर्थिक वर्ष २०८०।८१ का लागि ठेक्का नलागेका नदी तथा खोलाहरुबाट गिट्टी/ग्राभेल र वालुवा तर्फका सम्बन्धित वडा तथा नगरपालिका मातहत अमानतबाट संकलित रकम मध्येबाट स्थानीय राजश्व बाँडफाडको रकम खोलाहरुको तटबन्ध योजनाहरुमा खर्च गर्नका लागि श्रोत सुनिश्चित गर्न यस नगरपालिकाको कार्यालयबाट तपसिल बमोजिमका वडा कार्यालयको विभिन्न योजनाहरुमा उपभोक्ता समितिहरुबाट नै काम हुने गरी सो योजनामा रकम छुट्याउने र पाउने रकम नगरसभाको स्वीकृत वार्षिक बजेट **खोलाक्षेत्रमा तटबन्धन बाँध निर्माण** शिर्षकको स्रोतबाट नगर प्राविधिक स्टीमेट र कार्यादेश अनुसार उपभोक्ता समितिबाट काम भई आएमा अनुगमन गरी र आवश्यक प्रक्रिया समेत पूरा गरी भुक्तानी दिने निर्णय गरियो ।

तपसिलः-

| सि.नं | खोला तथा नदीको नाम | वालुवा/गिट्टी परिमाण | जम्मा उठेको अमानतको परिमाण | १३ प्रतिशत मू.अ.कर रकम | जम्मा संकलित राजश्व (मू.अ.कर रकम) बाहेक | ४० प्रतिशत रकम प्रदेशमा पठाउने | ६० प्रतिशत रकम बाँडफाड योग्य | नगरपालिकामा६० प्रतिशत राजश्व रकम | वडामा ४० प्रतिशत राजश्व रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | सिवाई र त्रियुगा वडा न.५ | ३००० | ३०००। | ९३,६०० | ६,२६,४००.२ | २,५०,५६० | ३,७५,८४० | २,२५,५०४ | १,५०.३३६ | वालुवा |
| २. | त्रियुगाखोला/हडियाखोला/ वडा न.९ | १०३८।५६ | १०३८।५६ | ३२,४०३ | २,१६,८५२ | ८६,७४०।८१ | १,३०,१११ | ७८,०६६।७२ | ५२,०४४ | वालुवा/ गिट्टी |
| ३. | कम्जे खोला वडा न.४ | २५४८। | २५४८। | ९२,७६८ | ६,२०,८३२ | २,४८,३३२ | ३,७२,४९९ | २,२३,४९९ | १,४८,९९९ | गिट्टी |
| ४. | द्वारखोला वडा नं ६ | २२३५ | २२३५ | ८१,३८० | ५,४४,६२० | २,१७,८४८ | ३,२६,७७२ | १,९६,०६३ | १,३०,७०८ | गिट्टी |
| ५. | लामाखोला तथा अन्य वडा नं २ | ५५०० | ५५०० | २,००,२०० | १३,३९,८०० | ५,३५,९२० | ८,०३,८८० | ४,८२,३२८ | ३,२१,५५२ | गिट्टी/ढुंगा |
| ६. | भरौली खोला वडा नं ९ बाट स्थानीय विवाद भई वडा नं४ बाट उत्खनन कार्य भएको। | १०००। | १०००। | ३२,८३० | २,४७,१७० | ९८,८६८। | १,४८,३०२ | ८८,९८१।२० | ५९,३२० | गिट्टी |
| | जम्मा घ.मि. | १५,३२१। (पन्ध्र हजार तीन सय एक्काइस घनमिटर) | | ५,२६,४४८ | ३५,९५,६७४ | १४,३८,२६८ | २१,५७,४०४ | १२,९४,४४१ | ८,६२,९५९ | |

माथि उल्लेखित विवरण अनुसार यस नगरपालिका कार्यालयमा संकलित राजश्वलाई १०० प्रतिशत मानि नगरपालिकामा ६० प्रतिशत रकम रु.१२,९४,४४१/- र बाँकी ४० प्रतिशत वडा कार्यालयमा रकम रु.८,६२,९५९। बाडफाड गरिने र जम्मा संकलित राजश्वको रकम प्रदेश सरकारमा रु.१४,३८,२६८। रहने देखिन्छ।

३) यस नगरपालिकाको नगर क्षेत्रभित्रभित्र रहेको नदी तथा खोलाहरुमा आ.व.२०८०।८१ का लागि द्वारखोला वडा नं ५,६,७ र ८ मा प्रारम्भिक वातावरणीय अध्ययन -IEE) स्वीकृत भएको र ठेक्का नं.९५।०८०।८१ को ग्रावेल/ढुंगा तर्फ द्वारखोला वडा नं ५ र ६ का द्वारखोला पूल तल ठेक्का लगाइ उत्खनन कार्य भए बमोजिम श्री सिम्रन एण्ड यश कन्स्ट्रक्सन प्रा.लि.ईटहरी, सुनसरीले यस नगरपालिकाबाट मिति २०८०।०९।०२ देखि मिति २०८१ साल जेष्ठ मसान्तसम्म ठेक्का सम्झौता भएको र प्राविधिक नापजाँच प्रतिवेदन अनुसार ठेकेदार कम्पनीले द्वारखोला पुलदक्षिण तर्फ (पूलमुनी) वातावरणीय प्रतिवेदन र ढुंगा,गिट्टी,वालुवा विक्रि तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७९ बमोजिम पुलको तल १००० मिटर नापी छोडि उत्खनन गरिने स्थानमा प्राविधिक प्रक्रिया अनुसार चारकिल्ला रेखाङ्कन गरेर नदीजन्य पदार्थ ग्रावेल/गिट्टी विक्रि निकासी भएको स्थान छुट्याइएको छ।

सो सम्बन्धमा मिति २०८०।०९।०२ गतेका दिन श्री राष्ट्रपति चुरे विकास समिति खुमलटार,काठमाडौंबाट समेत उत्खननका लागि प्राविधिक प्रतिवेदन बमोजिम सहमति प्राप्त भएर मात्र उत्खनन कार्य गरिरहेको पाइन्छ।

अन्ततः यस नगरपालिकाको कार्यालयबाट वातावरणीय परीक्षण स्वीकृत भएको तर ठेक्का नलागेको स्थान र क्षेत्रभित्र रहेको द्वारखोला वडा नं ६,७,८ मा अमानतमा कर संकलन गर्दा नगरपालिकामा आम्दानी बढ्ने आ.व.२०८०।८१ मा पालिकाले प्रक्षेपित गरेको राजश्व उठाउदा नगरपालिकामा आम्दानी भइ खर्च गर्न सकिने देखिन्छ । ठेक्का नलागेको स्थानमा पुनः ठेक्का लगाउने समयावधि नभएको र उत्खनन संकलन गर्ने समयावधि करिव १ महिना मात्र भएको समय दैनिक घट्दो क्रममा रहेकोले यस सन्दर्भमा नगरपालिकाको ठेक्का परिमाणभन्दा बाहिर र ठेक्का नलागेको स्थानमा उत्खनन् संकलन गरी राजश्व संकलन गर्न सकिने उठाउन योग्य तपशिल बमोजिमका स्वीकृत परिमाण वातावरणीय अध्ययन प्रतिवेदन २०८०, बमोजिम माथि उल्लिखित स्थान र क्षेत्रबाट नियमानुसार राजश्व संकलन गर्ने गरी कुनै फर्म कम्पनीबाट माग भई निवेदन प्राप्त भएमा नियमानुसार उत्खनन कार्य गरी अमानतमा कर संकलन कार्य गर्न दिने साथै उक्त उत्खनन भएको स्थानमा नियमानुसार कर संकलन कार्य गराउन एकजना नगर प्रहरी समेत खटाउने निर्णय गरियो ।

तपसिल:-

| सि.न. | खोलाको नाम/वडा | उत्खनन् योग्य परिमाण घनमिटर | लम्बाई | चौडाई | गहिराई ३ भागको एकभाग | चुरे सहमति परिमाण | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | द्वारखोला खोला वडा नं६ | ३,८४१ | २९८० | ४० | ०.५ | ३,८४१ | ठेक्का लागेको स्थानभन्दा बाहिरको स्थान पुलबाट ५०० मिटर उत्तरतर्फ |
| २. | द्वारखोला वडा नं ७ र ८ | २३१५५ | २३१६ | ४० | ०.५ | २३,१५५ | |
| जम्मा उत्खनन योग्य परिमाण घनमिटरमा | | | | | | २६,९९६। | गिट्टी/ग्रावेल |

४) चौदण्डीगढी नगरपालिकाको आधारभुत नगर अस्पाताल बेल्टारमा रहेको आ. व. २०७९/०८० को स्वास्थ्य विमा बोर्डबाट विमा वापतको रकम आ. व. २०८०/०८१ मा नगरपालिकाको विविध खर्च खाता (ग २.७) २३७०१००३०२०७०००२ मा रु. ६६०६८४०।- प्राप्त भएकोमा सो विमा वापतको रकम चौदण्डीगढी नगर अस्पताल बेल्टारको खाताबाट सम्बन्धित फार्मेसीलाई नियमानुसार भुक्तानी हुने गरी नगर अस्पताल बेल्टारको खाता नं.२३७०१००००३६४०० मा पठाउने निर्णय गरियो ।

५) चौदन्डीगढी नगरपालिका ३ नं. वडामा रहेको विगत २०६१ सालबाट लाग्दै आएको उचाल्ने ढुंगा मंगलबारे कृषी बजार दर्ताको लागि ३ नं. वडा कार्यालयबाट सिफारिस भई आएको हुँदा यस नगरपालिकाको कृषि तथा पशुपंक्षी पालन व्यबसाय प्रवर्द्धन ऐन, २०७९ बमोजिम दर्ता गरी सञ्चालन गर्न अनुमती दिने सर्वसम्मत निर्णय गरियो ।

६)चौदण्डीगढी नगरपालिकामा गठित तपशिलका विषयगत समितिहरुलाई जिम्मेवारी प्रदान गरी सक्रिय गराउने निर्णय गरियो ।

तपशिलः

क) आर्थिक विकास समिति
ख) भौतिक पुर्वाधार विकास समिति
ग) सामाजिक विकास समिति
घ) वन वातावरण तथा विपद व्यबस्थापन समिति
ङ) सुशासन तथा संस्थागत विकास समिति

७) यस नगरपालिका अन्तर्गत ६ नं वडामा निर्मित डम्पिङ साईटमा स्थानीय बासिन्दाबाट फोहोर फाल्न नदिएपछी विगत ५ महिनादेखि नगरको फोहोर उठ्न नसकेको हुँदा नगरपालिकाले फोहोर व्यबस्थापनको लागि विभिन्न वडामा डम्पिङ साईट निर्माणको लागि प्रयास गर्दा सम्बन्धित वडाका स्थानीय बासिन्दाबाट विरोध भएको साथै श्री ज्योती माध्यामिक विद्यालयको चौ. न. पा -५ मा रहेको जग्गा भाडामा लिई डम्पिङ साईट निर्माण गर्ने सम्बन्धमा छलफल भएकोमा स्थानीय बासिन्दाबाट विरोध भएकोले डम्पिङ साईट निर्माण गर्न तथा बजार एरियामा थुप्रिएको फोहोर व्यबस्थापन गर्न नसकिएको हुँदा चौ. न. पा ७ नं. वडाका वडा अध्यक्ष श्री केशव अधिकारी र चौ . न. पा ६ नं. वडाका वडा अध्यक्ष श्री अम्बर बहादुर खड्काको नेत्तृत्वमा उपयुक्त डम्पिङ साईटको खोजी गरी सम्बन्धित वडाबासी गाउँटोलबाट सहमती गराई नगरपालिकामा सिफारिस गर्ने र नगरपालिकाले डम्पिङ साईट निर्माणको लागि प्राविधिक लागत अनुमान अनुसार आबश्यक बजेट व्यबस्थापन गर्ने सर्बसम्मत निर्णय गरियो।

१) विविध

क) चौ. न. पा १ नं वडामा बत्ती विस्तार तथा व्यबस्थापन सम्बन्धमा ।

चौदण्डीगढी नगरपालिका वडा नं. १ मा बत्ती व्यबस्थापनको लागि चालु आ. व. २०८०-०८१ मा बजेट विनियोजन भई विनियोजित बजेटबाट पोल तथा बत्ती विस्तारको कार्य भएको तर विनियोजित बजेटले

बत्ती विस्तार व्यवस्थापन कार्य अधुरै रहने भएकोले उक्त कार्य सम्पन्न गर्नको लागि यस नगरपालिकाबाट अपुग रकम **चौ. न. पा १ नं वडामा बत्ती विस्तार तथा व्यवस्थापन** कार्य गर्न रु.२६००००।- नगरपालिकामा विनियोजित बजेट शिर्षक मर्मत तथा भैपरीबाट उपलब्ध गराउने निर्णय गरियो।

ख) विपत पिडितहरुलाई र अन्य आर्थिक सहायता सम्बन्धमा।

यस नगरपालिका अन्तर्गत विभिन्न वडा कार्यालयबाट घर गोठ आगलागी , हावाहुरीले घरको छानो उडाएको, बाटोको नालीमा आएको पानीले घरको पर्खाल भत्काई दिएको आदि विपत जन्य घटनाको प्रहरी सर्जमिन सहित आर्थिक सहायताको लागि र अन्य विपन्न नागरिकको औषधी उपचारको लागि सिफारिस भई आएको हुँदा तपशिल बमोजिम आर्थिक सहायता उपलब्ध गराउने र उक्त भुक्तानी कन्टिजेन्सी वा अन्य उपयुक्त स्रोतबाट हुन सर्बसम्मत निर्णय गरियो।

विपत पिडित

| क्र. सं. | पिडितको नाम ठेगाना | निर्णय रकम वा सामाग्री | कैफियत |
|---|---|---|---|
| १ | गोपाल बुढाथोकी चौ. न. पा. १ | २ बण्डल टिन | बाख्रा खोर आगलागी जस्ता पाता माग |
| २ | कमला कार्की चौ. न. पा. १ | डेढ बन्डल टिन | बाख्रा खोर आगलागी जस्ता पाता माग |
| ३ | चन्द्रकला परियार चौ. न. पा. १० | ३ बन्डल टिन | बिपन्न नागरिक घरको छानोको लागि जस्तापाता माग |
| ४ | सिता खत्री चौ. न पा १० | २ बण्डल टिन | हावाले घरको छाना उडाएको जस्तापाता माग |
| ५ | टंक बहादुर बस्नेत चौ. न. पा. १० | रु.५००००।- | गोठ आगलागी |

अन्य आर्थिक सहायता

| क्र. सं. | विरामीको नाम ठेगाना | निर्णय रकम | कैफियत |
|---|---|---|---|
| १ | दिपा कावरा चौ. न. पा. ६ | २००००।- | मुटु रोगी उपचारको लागि |
| २ | उमेश मरिक चौ. न. पा. बेल्टार | १५०००।- | न. पा कर्मचारी काम गर्दा गर्दै बेहोश भएको हुँदा थप उपचारको लागि। |

ग) साझेदारी परियोजना कार्यान्वयनमा लाभग्राही छनौट मापदण्ड स्वीकृत गर्ने सम्बन्धमा।

चौदण्डीगढी नगरपालिका र हेफर प्रोजेक्ट नेपाल विच भएको सम्झौता अनुसार सञ्चालनमा रहेको **साझेदारी कार्यक्रम कार्यान्वयनमा लाभग्राही छनौट सम्बन्धी मापदण्ड-२०८१** स्वीकृत गर्ने र उक्त मापदण्ड आजका मिति देखि लागु हुने निर्णय गरियो।

CamScanner